वनस्पति समाज नेपाल
BOTANICAL SOCIETY OF NEPAL

# वनस्पति समाज नेपाल

## समाचार-पत्र

# सम्पादकीय

“वनस्पति समाज नेपाल” (Botanical Society of Nepal) को परिचय यस अगाडिको संस्था “नेपाल वनस्पति समाज” (Nepal Botanical Society) संग जोडिएर शुरु हुन्छ । “नेपाल वनस्पति समाज” (Nepal Botanical Society) को स्थापना वि.सं. २०३८ (सन् 1981) मा भई वि.सं. २०६३ (सन् 2006) मा नेपाल सरकारमा विधिवत रुपमा दर्ता भएको थियो । लामो समयदेखि निस्कृय उक्त संस्थालाई अधिकांश वनस्पतिविद्हरूको चासो र चाहाना संस्था कृयाशील रहोस् भन्ने रहेको हुँदा मिति २०७४ भाद्र १५ गते तत्कालिन कार्य समितिका पदाधिकारीहरूको उपस्थितिमा वनस्पतिशास्त्र केन्द्रिय विभाग कीर्तिपुरमा बैठक बसी प्रा. डा. मोहन सिवाकोटीको संयोजकत्वमा सात सदस्यीय तदर्थ समिति गठन भएको थियो । जसको मूख्य जिम्मेवारी “नेपाल वनस्पति समाज” कानूनतः पुनर्जिवित गर्ने, संस्थाको सदस्यता बनाउने र ६ महिना भित्र नयाँ कार्यसमिति चयनका लागि चुनाव गराउने थियो । तर लामो समयदेखि संस्थाको नविकरण नभएको र आवश्यक कागजात पनि समितिलाई प्राप्त नभएकोले सो संस्था नविकरण गराउनको लागि धेरै नै जटिलता देखापर्‍यो ।

तत् पश्चात् पुरानो संस्थाको नविकरण कार्यभन्दा नयाँ संस्था गठन गर्न सहज हुने भन्ने धेरै वनस्पतिविद्हरूको सुझाव आएकोले उक्त समितिको पहलमा मिति २०७५ जेष्ठ ९ गते वनस्पतिशास्त्र केन्द्रिय विभाग कीर्तिपुरमा बैठक बसी “वनस्पति समाज नेपाल” (Botanical Society of Nepal) नाम गरेको संस्था दर्ता गर्नका लागि कार्य अगाडि बढाउने निर्णय भयो । त्यस कार्यका लागि हाल कायम रहेको सात सदस्यीय तदर्थ समिति गठन भइ संस्थाको विधान तयार गर्ने काम भयो । त्यसपछि यस संस्थाको विधिवत रुपमा स्थापना वि.सं. २०७५ श्रावण २७ गते, तदनुसार १२ अगष्ट २०१८, आइतवारका दिन जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गरी भएको हो ।

वनस्पति समाज नेपालको दर्ता पश्चात् संस्थाको गठन भएको जानकारी दिने उद्देश्यले मिति २०७५ भाद्र १२ गतेका नेपालीहरूको नजिकिँदै गरेको चाडपर्वहरू (विजया दशमी, तिहार, नेपाल सम्वत्, तथा छठ) को शुभ उपलक्ष्यमा शुभकामना आदान-प्रदान तथा विशेष प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो । वनस्पतिविद्हरूको उल्लेख्य सहभागिता भएको उक्त कार्यक्रममा लगभग २५० व्यक्तिहरूको उपस्थिति रहेको थियो, जसबाट नेपालका वनस्पतिविद्हरूले एक छाता संगठनको आवश्यकता रहेको चाहना प्रष्ट देखिन्छ । वनस्पति समाज नेपाललाई प्रचलित कानून बमोजिम दर्ता गरी हालको अवस्थासम्म ल्याउनको निमित्त प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरू तथा संघ-संस्थाहरू समक्ष यस “वनस्पति समाज नेपाल” हार्दिक आभार व्यक्त गर्दछ ।

- सम्पादक मण्डल

दर्ता नं. ७३/०७५/०७६

# वनस्पति समाज नेपाल
# समाचार-पत्र

वि.सं. २०७५ मंसिर / November 2018 वर्ष १ अंक १

## शुभकामना आदान-प्रदान तथा प्रवचन कार्यक्रम

वनस्पति समाज नेपालको स्थापना सम्बन्धी जानकारी गराउने र आउँदै गरेका चाडपर्वहरू (विजयादशमी, तिहार, नेपाल सम्वत् तथा छठ) को अवसरमा शुभकामना आदान-प्रदान गर्ने उद्देश्यले मिति २०७५।०६।१२ गते वनस्पति विभागको परिसरमा आयोजित कार्यक्रममा नेपालका वनस्पतिविद्हरूको उल्लेख्य उपस्थिति रहेको थियो । सो कार्यक्रमको उद्घाटन वरिष्ठ वनस्पतिविद् डा. तीर्थ बहादुर श्रेष्ठ र त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति तथा विश्वविद्यालय अनुदान आयोगका पूर्व अध्यक्ष डा. कमल कृष्ण जोशीले संयुक्त रुपमा सतुवाको विरुवामा जलसेचन गरी गर्नुभएको थियो । समाजका उपाध्यक्ष तथा वनस्पति विभागका महानिर्देशक श्री सन्जीव कुमार राईले स्वागत मन्तव्य दिनुभएको सो कार्यक्रममा समाजका अध्यक्ष तथा त्रिभुवन विश्वविद्यालय वनस्पतिशास्त्र केन्द्रिय विभागका प्रमुख प्रा. डा. मोहन सिवाकोटीले सहभागीहरूको उत्साहपूर्ण



उपस्थितिले वनस्पति समाज नेपालले अभिभावकत्व र शक्ति दुबै आर्जन गरेको बताउनु भयो । उहाँले नेपाल वनस्पति समाज लामो समयदेखि निष्कृय र नविकरण विना रहेकोले प्रक्रियागत सहजताको लागि वनस्पति समाज नेपालको दर्ता गरिएको हो । यो संस्था अघिल्लो संस्थासँग वैधानिकरुपमा फरक भए तापनि उद्देश्य र भावनात्मक रुपमा वनस्पतिविद्हरूको यो एक छाता संस्थाको भएको बताउनु भयो ।  कार्यक्रममा प्रमुख वक्ता डा. तीर्थ बहादुर श्रेष्ठले वनस्पति समाज नेपाललाई राजनीतिक प्रभाव अलग राख्नुपर्ने र वनस्पति सम्बन्धी ज्ञानलाई आम नागरिकको जीवनसँग जोड्नुपर्ने बताउनु भयो । डा. कमल कृष्ण जोशीले सम्पूर्ण वनस्पतिविद्हरू संगठित भएर समाजमा उदाहरणीय कार्य गर्नुपर्छ भन्ने शुभकामना व्यक्त गर्नुभयो । यसै गरी लोकसेवा आयोगका पूर्व अध्यक्ष डा. कयोदेवी यमीले पनि संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना प्रदान गर्नुभयो । कार्यक्रममा वनस्पति विभागका पूर्वमहानिर्देशक श्री हरिकृष्ण सैंजूले यो संस्थाले सबै वनस्पतिविद्हरू समेट्नु पर्छ भन्दै प्रगतिको लागि शुकामना व्यक्त गर्नुभयो । सो कार्यक्रममा समाजको उद्देश्य तथा स्थापनाबारे समाजका सचिव डा. हरि प्रसाद अर्यालले जानकारी दिनुभएको थियो भने कार्यक्रम संचालन समाजका सदस्य श्री दिपक लामिछानेले गर्नुभएको थियो ।

# नेपाल बोटानिकल सोसाइटीको संक्षिप्त ऐतिहासिक पृष्ठभूमि

**– डा. कमल कृष्ण जोशी**
संस्थापक सचिव, नेपाल बोटानिकल सोसाइटी

प्राकृतिक विज्ञानका विद्यार्थीहरू बीच वनस्पतिशास्त्र विषय सन् १९६५ मा त्रिभुवन विश्वविद्यालयमा वनस्पतिशास्त्रको स्नातकोत्तर कक्षा शुरू हुनु अघिदेखि नै लोकप्रिय रहिआएको छ। आठजना विद्यार्थीहरूलाई प्रवेश दिई शुरू गरेको वनस्पतिशास्त्रको स्नाकोत्तर कक्षामा लोकप्रियताको दबावले गर्दा प्रातः, दिवा र सायं सत्रहरू प्रत्येकमा ३५-३५ जना गरी जम्मा १०५ जनको कक्षा सञ्चालन हुनथाल्यो र यो क्रम धेरै वर्षसम्म जारी रह्यो। त्रिभुवन विश्वविद्यालयका अतिरिक्त अन्य मुलुकका विश्वविद्यालयहरूबाट वनस्पतिशास्त्रमा स्नातकोत्तर तथा विद्यावारिधि गर्नेहरूको संख्या पनि उल्लेखनीय थियो। वनस्पतिशास्त्रीहरूको बढ्दो संख्याले तिनीहरूको संगठित प्रयासबाट वनस्पतिशास्त्र विषयका शिक्षा र अनुसन्धानको क्षेत्रमा योगदान पुऱ्याउनाका साथै त्यस विषयका विज्ञहरूको व्यावसायिक विकासका लागि पनि सहयोग हुने विश्वासको विकास हुनथालेको थियो। त्रिभुवन विश्वविद्यालयका तत्कालीन वनस्पतिशास्त्र शिक्षण विभागका प्राध्यापकहरू स्वर्गीय श्री सरस्वति प्रसाद रिमाल, स्व. प्राध्यापक डा. दयानन्द बज्राचार्य र डा. कमलकृष्ण जोशीका साथै वनस्पति विभागका महानिर्देशक डा. समरबहादुर मल्ल, वरिष्ठ वैज्ञानिक डा. तीर्थबहादुर श्रेष्ठ तथा अन्य वनस्पतिशास्त्रीहरू एवं कृषि अनुसन्धान विभागका डा. केशरीलक्ष्मी मानन्धर र श्रीमती कमलेशलता राजभण्डारी आदिको प्रयासबाट नेपाल बोटानिकल सोसाइटी गठन भएको थियो। सोसाइटी गठन गर्ने उद्देश्यले तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान भवनमा वनस्पतिशास्त्रीहरूको पहिलो साधारणसभा बोलाइयो। डा. तीर्थबहादुर श्रेष्ठ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका विज्ञान विषयका प्राज्ञ एवं सदस्य सचिव हुनुहुन्थ्यो र वहाँले नै साधारण सभाका लागि प्रज्ञा प्रतिष्ठानको सभाकक्ष उपलब्ध गराउनुभएको थियो। उक्त सभामा नेपालका पहिलो वनस्पतिशास्त्री स्वर्गीय प्रयागराज पाण्डेको पनि उपस्थिति थियो। त्यस सभाले सोसाइटी गठनका लागि सदस्यताको अभियान चलाउन, विधानको मस्यौदा तयार पार्न र निर्वाचनबाट केन्द्रिय कार्य समिति गठन नभएसम्मका लागि आवश्यक कार्य सञ्चालन गर्न डा. समरबहादुर मल्लको अध्यक्षतामा एक तदर्थ समिति गठन गऱ्यो। उक्त समितिको उपाध्यक्षमा डा. तीर्थबहादुर श्रेष्ठ, सचिवमा यस लेखका लेखक डा. कमलकृष्ण जोशी, कोषाध्यक्षमा श्रीमती कमलेशलता राजभण्डारीलाई सर्वसम्मतिबाट मनोनित गरियो। तदर्थ समितिका सदस्यहरूमा स्व. प्रा. सरस्वति प्रसाद रिमाल, स्व. प्रा. डा. दयानन्द बज्राचार्य, डा. केशरीलक्ष्मी मानन्धर र श्री योगेश वैद्य साधारण सभाबाट सर्बसम्मतिबाट मनोनित हुनुभयो।

साधारण सभाले दिएको सबै जिम्मेवारी पूरा गरी तदर्थ समितिले केही महिना भित्रै दोस्रो साधारण सभा बोलाई निर्वाचनको प्रक्रिया पूरा गरी पारित विधानअनुसार नयाँ कार्यकारी समिति

गठन गऱ्यो । कार्य समितिको अध्यक्षमा डा. समरबहादु मल्ल, उपाध्यक्षद्वयमा स्व. प्रा. सरस्वति प्रसाद रिमाल र डा. तीर्थबहादुर श्रेष्ठ, सचिवमा डा. कमलकृष्ण जोशी, कोषाध्यक्षमा श्रीमती कमलेशलता राजभण्डारी, सदस्यहरूमा स्व. प्रा. डा. दयानन्द बज्राचार्य, डा. केशरी लक्ष्मी मानन्धर, डा. महेश अधिकारी, डा. पुष्परत्न शाक्य र श्री योगेश वैद्य सर्वसम्मतिबाट निर्वाचित हुनुभयो ।

त्यस पछिका अध्यक्षहरूमा प्रा. डा. सानु देवी जोशी, श्रीमती शान्ति शर्मा, स्व. प्रा. डा. दयानन्द बज्राचार्य र डा. पुष्परत्न शाक्य हुनुभयो । वहाँहरू सबै निर्विरोध निर्वाचित हुनुभएको थियो ।

यी अवधिहरूमा भएका उल्लेखनीय कार्यहरूमा वनस्पतिशास्त्रीहरूको डाइरेक्टरी प्रकाशन, नेशनल बोटानिकल कंग्रेसहरूको आयोजना, कंग्रेसका एब्सट्राक्ट र प्रोसिडिङ्गहरूको प्रकाशन आदि पर्दछन् । डाइरेक्टरी प्रकाशनमा प्रा. कृष्ण कुमार श्रेष्ठको विशेष संलग्नता थियो भने प्रथम राष्ट्रिय बोटानिकल कंग्रेसको सफल आयोजना, तिनको एब्सट्रायक्ट र प्रोसिडिङ्गको प्रकाशन प्रा. सानु देवी जोशी अध्यक्ष हुनुहँदा भएको थियो । त्यही अवधिमा सोसाइटीको मनोनयनमा सोसाइटीका सदस्यहरूलाई विदेशी विश्वविद्यालयहरूमा विद्यावारिधि गर्न पठाउने कार्यको प्रारम्भ पनि भयो । कंग्रेसको उद्घाटन सत्रमै अष्ट्रियाबाट प्राप्त विद्यावारिधिको छात्रवृत्तिमा आवेदनको माग गर्दै सूचनाको दिइएको थियो । सदस्यहरूमध्ये एकजनाले उक्त छात्रवृत्तिको लाभप्राप्त गरे तापनि यस कार्यक्रमलाई पछिका समयमा निरन्तरता दिन भने सकेनन् ।

# List of Life Members of Botanical Society of Nepal

| SN | Name | Corresponding Address | Contact No. | Email |
|---|---|---|---|---|
| 1 | Dr. Anant Gopal Singh | Butwal Multiple Campus | 9847035757 | agsingh26@gmail.com |
| 2 | Dr. Anjana Giri | NAST | 9813687773 | anjanagiri73@gmail.com |
| 3 | Dr. Bhuvan Keshar Sharma | Chandragiri, Kathmandu | 9843681331 | bhuvan.keshar.sharma@gmail.com |
| 4 | Basanta Pandey | Bhairahawa Multiple Campus | 9857011139 | pandeybasant20@gmail.com |
| 5 | Bimala Shakya | Siddhanath Sc. Campus, Kancha | 9848725964 | bhattmdrp@gmail.com |
| 6 | Dr. Bharat Babu Shrestha | CDB, TU, Kirtipur | 9841241484 | shresthabb@gmail.com |
| 7 | Prof. Dr. Bijaya Pant | CDB, TU, Kirtipur | 9841359626 | b.panta@cdbtu.edu.np |
| 8 | Prof. Dr. Bipana D Acharya (Pandey) | Amrit Campus | 9841193942 | acharyabipana@gmail.com |
| 9 | Prof. Dr. Chandra B. Thapa | P.N Campus Pokhara | 9846037888 | cbthapadr@yahoo.com |
| 10 | Chandra Kala Thakur | DPR, Thapathali | 9849286217 | chandru.thakur69@gmail.com |
| 11 | Chandra Mohan Gurmachhan | DPR, Thapathali | 9848382967 | mgrmohan.chandra@gmail.com |
| 12 | Dipak Lamichhane | DPR, Thapathali | 9841315941 | dipak_lmn@yahoo.com |
| 13 | Prof. Dr. Dilli Devi Shakya | Kathmndu | 9841545178 | |
| 14 | Ghanshyam Chaudhary | Bhairahawa M. Campus | 9847032771 | ghanshyambot12@gmail.com |
| 15 | Dr. Gita Shrestha Rajbhandari | Amrit Campus | 9841346025 | gitashrestharajbhandari@gmail.com |
| 16 | Dr. Hari Prasad Aryal | CDB, TU, Kirtipur | 9847021250 | hahariprasadaryal06@gmail.com |
| 17 | Jwala Shrestha | DPR, Thapathali | 9851217065 | meejwala@gmail.com |
| 18 | Krishna Mohan Kohar | Bhairahawa Multiple Campus | 9847020275 | kmkohar1973@gmail.com |
| 19 | Dr. Kamal Krishna Joshi | Sundhara, Patan | 9851059927 | kmlkjoshi55@gmail.com |
| 20 | Dr. Keshab Raj Rajbhandari | Chauni, Kathmandu | 9841756309 | krrajbhandari@yahoo.com |
| 21 | Prof. Dr. Krishna K. Shrestha | Naya Bazar, Kathmandu | 9851156782 | kk.shrestha@cdbtu.edu.np |
| 22 | Prof. Dr. Kumudini Bajracharya Shakya | Amrit Campus | 9860197134 | kumushakya@gmail.com |
| 23 | Krishna Ram Bhattarai | DPR, Thapathali | 9841347772 | krbhattarai@gmail.com |
| 24 | Kalpana Sharma Dhakal | DPR, Thapathali | 9849805424 | kalpanasharmadhakal@gmail.com |
| 25 | Dr. Laxmi Joshi Shrestha | Amrit Campus | 9841295599 | joshi.laxmi.shrestha@gmail.com |
| 26 | Dr. Man Dev Bhatt | Siddhanath Sc. Campus, Kancha | 9848722189 | bhattmdrp@gmail.com |
| 27 | Mukti Ram Paudel | CDB, TU, Kirtipur | 9851198359 | mr.paudel@cdbtu.edu.np |
| 28 | Mukti Ram Aryal | Tri-Chandra Campus | 9851112799 | aryalmukti4@gmail.com |
| 29 | Prof. Dr. Mohan Siwakoti | CDB, TU, Kirtipur | 9849245299 | mohansiwakoti@live.com |
| 30 | Madhu Ghimire Acharya | MOFE/GoN | 9851135724 | ghimire.madhu@gmail.com |
| 31 | Dr. Narayan Prasad Ghimire | CDB, TU, Kirtipur | 9841652998 | nghimire077@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 32 | Nita Pradhan | Tri-Chandra Campus | 9849641172 | prajwol91@gmail.com |
| 33 | Dr. Nina Pandey | Patan M. Campus | 9849594118 | drninapandey@gmail.com |
| 34 | Dr. Nirmala Joshi | Sundhara, Patan | 9841408481 | nirmalaktm@gmail.com |
| 35 | Nirmala Phuyal | DPR, Thapathali | 9851003015 | nirmalaphuyal@gmail.com |
| 36 | Dr. Pramod Kumar Jha (Prof. Emeritus) | CDB, TU, Kirtipur | 9851105646 | pkjhaprof@yahoo.com |
| 37 | Puja Joshi | NASA , Kathmandu | 9848816707 | pujajoshi352@gmail.com |
| 38 | Pramesh Bahadur Lakhey | DPR, Thapathali | 9841435303 | parmeshorever@hotmail.com |
| 39 | Pitamber Panta | Tri-Chandra Campus | 9851090675 | pant.pitamber@gmail.com |
| 40 | Pratikshya Shrestha | DPR, Thapathali | 9843822987 | pratiksha_sth14@yahoo.com |
| 41 | Ram Sharan Dani | Tri-Chandra Campus | 9841281419 | rsdani2000@yahoo.com |
| 42 | Dr. Ram P. Chaudhary (Prof. Emeritus) | CDB, TU, Kirtipur | 9841283652 | ram@cdbtu.wlink.com.np |
| 43 | Radha Adhikari (Dhakal) | Mahendra M. Campus, Biratnagar | 9852032668 | radhaadhikari2003@gmail.com |
| 44 | Raj Kumar Gautam | Makawanpur Campus, Hetauda | 9865412233 | gautamk@yahoo.com |
| 45 | Rajesh Tamang | DPR, Thapathali | 9842205559 | rajes_tmg@yahoo.com |
| 46 | Prof. Dr. Ram Deo Tiwari | Lalitpur | 9841339630 | |
| 47 | Prof. Dr. Sanu Devi Joshi | Sundhara, Patan | 9841528714 | sanud005@yahoo.com |
| 48 | Prof. Dr. Sangeeta Rajbhandary | CDB, TU, Kirtipur | 9841695333 | s.rajbhandary@cdbtu.edu.np |
| 49 | Dr. Som Prasad Poudyal | Tri-Chandra Campus | 9851036838 | paudyalsp@yahoo.com |
| 50 | Sanjeev Kumar Rai | DPR, Thapathali | 9741129944 | sanjeevkrai4@gmail.com |
| 51 | Prof. Dr. Siddhi Bir Karmacharya | Khopa College, Bhaktapur | 9841257353 | |
| 52 | Shailendra Pokharel | CODEFUND, Kathmandu | 9841698227 | shalendrapokharel@gmail.com |
| 53 | Shreehari Bhattarai | AFU, Hetauda | 9855073101 | sbsharma2010@yahoo.com |
| 54 | Surendra Raj Pant | Ministry of Forest & Env. | 9841760047 | |
| 55 | Satya Narayan Sah | - | 9841940925 | |
| 56 | Dr. Shreeti Pradhan | CDB, TU, Kirtipur | 9841799887 | s.pradhan@cdbtu.edu.np |
| 57 | Thaneshwar Prasad Tiwari | Siddanath Sc. Campus, Kanchan | 9858750542 | Thaneswartiwari2020@gmail.com |
| 58 | Dr. Tirtha Bahadur Shrestha | Sanepa, Lalitpur | 01-5521258 | |
| 59 | Tilmaya Dhakal (Kharel) | Siddanath Sc. Campus, Kanchanp | 9848720888 | St_dhakal@yahoo.com |
| 60 | Toya Nath Belbase | TMC, TU, Palpa | 9844700777 | toya.balbase@gmail.com |
| 61 | Prof. Dr. Usha Budhathoki | CDB, TU, Kirtipur | 9741102751 | dr.ushabudathoki@yahoo.com |
| 62 | Prof. Dr. Vimal N. Prasad Gupta | CDB, TU, Kirtipur | 9841301864 | vngupta110@gmail.com |

# List of Ordinary Members of Botanical Society of Nepal

| SN | Name | Address | Contact No. | Email |
|---|---|---|---|---|
| 1 | Dr. Anjana Devkota | CDB, TU, Kirtipur | 9841777805 | a.devkota@cdbtu.edu.np |
| 2 | Anil Kumar Yadav | Siraha Campus | 9442894725 | vinodkarn8@gmaqil.com |
| 3 | Anand Prakash Joshi | Aishwarya Multiple Campus | 9865777772 | anandprakashjoshi2@gmail.com |
| 4 | Anand Prasad Bhattarai | Bhaktapur College | 9847090375 | anadabhattarai12@gmail.com |
| 5 | Amrit Maya Lawati | Central Tech. Campus, Dharan | 9842074245 | amrita62udas@gmail.com |
| 6 | Ambika Jha | Tri-chandra Campus, Ktm | 9841899981 | |
| 7 | Dr. Achyut Tiwari | Tri-chandra Campus, Ktm | 9841403540 | |
| 8 | Ajay Neupane | Mechi Campus | 9804993423 | ajayieash729@gmail.com |
| 9 | Anil Sharma | Butwal Multiple Campus | 9857035934 | sharmabot@gmail.com |
| 10 | Amrit K.C. | Godawari, NHPL | 9851163095 | rewestfor@gmail.com |
| 11 | Babu Ram Nepali | Butwal Multiple Campus | 9857031316 | nepalibaburam7@gmail.com |
| 12 | Babita Shrestha | Kathmandu | 9841820849 | biobabita@gmail.com |
| 13 | Bindu Pokharel Bhattarai | PG Campus, Biratnagar | 9841490094 | bindupokharel@hotmail.com |
| 14 | Dr. Bhabindra Niroula | PG Campus, Biratnagar | 9842134558 | niroulab@gmail.com |
| 15 | Bharati Adhikari | Tri-chandra Campus | 9841727775 | Bharatinepal67@gmail.com |
| 16 | Binay Mudhikarmi | Tri-chandra Campus | 9841590210 | |
| 17 | Bishnu Prasad Bhattari | Birendra M. Campus Chitwan | 9855046429 | ab_bhrai@yahoo.com |
| 18 | Basu Dev Kafle | Damak Campus Mechi | 9842622898 | |
| 19 | Dr. Bimala Devi Devkota | NAST | 9841031253 | Diku98@gmail.com |
| 20 | Chandra Kant Subedi | RECAST, TU | 9841756654 | chandraks2000@yahoo.com |
| 21 | Dr. Chitra Bhadur Baniya | CDB, TU, Kirtipur | 9849421945 | cbbaniya@gmail.com |
| 22 | Dr. Chandra Prasad Pokhrel | CDB, TU, Kirtipur | 9841256033 | cp.pokharel@cdbtu.edu.np |
| 23 | Chandra Bahadur Thapa | Butwal Multiple Campus | 9857029435 | cbthapa.2009@gmail.com |
| 24 | Chetana Khanal | DPR, Thapathali | 9841624186 | chetanakhanal2067@gmail.com |
| 25 | Deep Jyoti Chapagain | CDB, TU, Kirtipur | 9846033546 | chapagaindeep@gmail.com |
| 26 | Dr. Dil Kumar Limbu | Central Campus of Tech., Dharan | 9852056782 | dilklimbu@yaoo.com |
| 27 | Dependra Bdr. Chand | Shahilek Sec. School, Baitadi | 9864805656 | dipendrachand18@yahoo.com |
| 28 | Deepak Bhatt | Morning Glory Sec. School, Kanc | 9848725897 | sambhatt901@gmail.com |
| 29 | Durga Shakya | Tri-chandra Campus | 9841726079 | shakya.durga15@gmail.com |
| 30 | Deepak Dhyadi | Kailali Multiple Campus, Kailali | 9816133672 | deepakdhyadi@gmail.com |
| 31 | Damaru Prasad Pokharel | Kathmandu College | 9841731121 | prasadpokharel4@gmail.com |
| 32 | Deepa Shree Rawal | NAST | 9841286223 | rawalshree@hotmail.com |

| | | | | |
|---|---|---|---|---|
| 33 | Dr. Deepak Raj Pant | CDB, TU, Kirtipur | 9843422980 | dr.pant@cdbtu.edu.np |
| 34 | Devendra Prasad | Birendra M. Campus Chitwan | 9845023623 | r.devendraprasad@gmail.com |
| 35 | Dr. Deepa Dhital (Dhakal) | NAST | 9849752372 | Dhital.deepa@gmail.com |
| 36 | Dhan Raj Kandel | DPR, NHPL | 9845182273 | dhanrajkandel@yahoo.com |
| 37 | Dharma Raj Koirala | DPR, Thapathali | 9841421816 | koiraladharma@gmail.com |
| 38 | Dinesh Baral | DPR, Thapathali | 9841661223 | dinbaral@yahoo.com |
| 39 | Dambar Karkee | DPR, Thapathali | 9841260530 | mailfordambar@gmail.com |
| 40 | Eleza Acharya Siwakoti | Mahendra M. Campus, Birat | 9842089625 | |
| 41 | Gunanand Pant | Kailali Multiple Campus, Kailali | 9849043644 | gdpant2000@gmail.com |
| 42 | Gauri Baba Khwauju | Tri-Chandra Campus | 9851096158 | |
| 43 | Ganesh Mahato | Butwal Multiple Campus | 9847037535 | gmahato68@yahoo.com |
| 44 | Dr. Giri Raj Joshi | CDB, TU, Kirtipur | 9813341764 | gp.joshi@cdbtu.edu.np |
| 45 | Giri Dhar Amatya | Li-Bird, Surkhet | 9741178163 | |
| 46 | Gyan Dev Mishra | Janta Campus, Dang | 9857834482 | gyandevm8828@gmail.com |
| 47 | Ganga Datt Bhatt | NHPL, Godawari | 9841261941 | gdb742gdb@gmail.com |
| 48 | Ganga Risal | DPR, Thapathali | 9847621350 | gangarijal12@gmail.com |
| 49 | Prof. Dr. Hari Datta Bhattarai | CDB, TU, Kirtipur | 9851172031 | hd.bhattarai@cdbtu.edu.np |
| 50 | Heera Devi Dangol | Tri-Chandra Campus | 9851116165 | |
| 51 | Hom Nath Khatiwada | Mechi Campus | 9803241628 | homkhatiwada17@gmail.com |
| 52 | Prof. Dr. Hari Datta Lekhak | CDB, TU, Kirtipur | 9803781450 | |
| 53 | Hira Adhikari | Butwal Multiple Campus | 9814435678 | hiraadhikarigyawali@gmail.com |
| 54 | Hari Devi Sharma | Birendra M. Campus Chitwan | 9855051885 | haridevisharma@yahoo.com |
| 55 | Hari Sharan Adhkari | Amrit Campus | 9849190660 | aharisharan@gmail.com |
| 56 | Hem Raj Poudel | Godawari, Herbarium | 9841396966 | Hemrajpoudel1619@gmail.com |
| 57 | Haresh Raya | DPR, Thapathali | 9843375847 | hariharesh86@gmail.com |
| 58 | Indra Maiya Manandhar | Tri-Chandra Campus | 9841411608 | indramanandhar55@gmail.com |
| 59 | Imtiad Ahmed Khan | Tri-Chandra Campus | 9841271008 | mohamadkhan04.nk@gmail.com |
| 60 | Dr. Indra Mani Bhagat | PG Campus, Biratnagar | 9852023611 | drimbhagat@yahoo.com |
| 61 | Jyoti K. C. | Tri-Chandra Campus | 9843002760 | its_joe061@yahoo.com |
| 62 | Jaya Prakash Hamal | Amrit Campus, | 9849644030 | jayahamal@gmail.com |
| 63 | Dr. Jay Kant Raut | NAST | 9841300540 | Raut_jk2000@yahoo.com |
| 64 | Jayashree Sijapati | NAST | 01-5547715 | Jaya_sija@hotmail.com |
| 65 | Januka Pathak | DPR, Thapathali | 9847059013 | janukapathak@yahoo.com |
| 66 | Prof. Dr. Keshab Shrestha | Swayambhu | 9860567641 | keshabnep@gmail.com |
| 67 | Dr. Krishna Kumar Panta | CDB, TU, Kirtipur | 9849065641 | krishna.k.pant@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 68 | Khadananda Acharya | Chitwan | 9849226124 | khadananda1982@gmail.com |
| 69 | Kabita Agrawal | Aishwarya M. Campus, Kailali | 9848420133 | aggarwal_kitty@gmail.com |
| 70 | Prof. Dr. Kanta Rijal Poudayal | Amrit Campus | 9851046684 | kantadidi@gmail.com |
| 71 | Karuna Suwal | Tri-Chandra Campus | 9861609772 | |
| 72 | Kaushal Kishore Chaudhary | Tri-Chandra Campus | 9841359546 | kaushal.chaudhary576@gmail.com |
| 73 | Dr. Krishna Prasad Bhattarai | Mechi Campus | 9842628552 | krishnaprbhattarai@gmail.com |
| 74 | Kiran Kumari Karna | Birendra M. Campus, Chitwan | 9855060969 | karnakiran8@gmail.com |
| 75 | Krishna Prasad Regmi | Birendra M. Campus, Chitwan | 9845023252 | krishnaregmi252@gmail.com |
| 76 | Kul Prasad Siwakoti | Damak Campus Mechi | 9850670897 | |
| 77 | Kedar Luitel | PG Campus, Biratnagar | 9852028905 | |
| 78 | Krishna Prasad Sharma | Amrit Campus | 9849005956 | botanist.krishna@gmail.com |
| 79 | Kamal Bahadur Nepali | DPR, , Thapathali | 9849636404 | Kamal_nepali26@yahoo.com |
| 80 | Dr. Lal Bhadur Thapa | CDB, TU, Kirtipur | 9848420938 | lb.thapa@cdbtu.edu.np |
| 81 | Laxmi Shrestha | Tri-Chandra Campus | 9851095360 | |
| 82 | Laxman Prasad Gautam | Butwal Multiple Campus | 9857025215 | lpgautam60@gmail.com |
| 83 | Dr. Lok Ranjan Bhatt | NAST | 9849861109 | Lokranjan2000@yahoo.com |
| 84 | Dr. Lokendra Raj Sharma | Kathmandu | 9841386619 | |
| 85 | Madan Kumar Khadka | DPR, Thapathali | 9841742785 | mdnkukc@yahoo.com |
| 86 | Mandira Shayami | Tri-Chandra Campus | 9841462526 | |
| 87 | Madhu Kumari Sah | PG Campus, Biratnagar | 9816393639 | |
| 88 | Dr. Manoj Kumar Lal Das | Birendra M. campus, Chitwan | 9845066760 | manojdas068@gmail.com |
| 89 | Manoj Kumar Sharma | Mechi Campus | 9842626047 | manojshrema433@gmail.com |
| 90 | Mery Malla | Butwal Multiple Campus | 9847036281 | mallamery281@gmail.com |
| 91 | Minu Adhikari | NAST | 9851204878 | minuadhikari12@gmail.com |
| 92 | Mohan Dev Joshi | DPR, Thapathali | 9841469008 | mojspost@gmail.com |
| 93 | Mohan Pandey | - | 9841812628 | mohanpandey1111@gmail.com |
| 94 | Mohan Sangroula | Damak Campus, | 9842631437 | mohan_sangroula@yahoo.com |
| 95 | Prof. Dr. Mohan Prasad Panthi | CDB, TU, Kirtipur | 9851112440 | pantheemp@gmail.com |
| 96 | Mukti Ram Poudeyal | CDB, TU, Kirtipur | 9851156732 | muktipoudeyal@gmail.com |
| 97 | Mukunda Adhikari | Birendra M. Campus, Chitwan | 9855054831 | mukundaadhikari68@yahoo.com |
| 98 | Munesh Ratna Gubhaju | Tribhuvan M. Campus, Palpa | 9841501027 | itsmunesh@gmail.com |
| 99 | Prof. Dr. Mukesh K. Chettri | Amrit Campus | 9841551679 | mukeshkchettri@gmail.com |
| 100 | Neera Joshi Pradhan | Studio Petals, Lalitpur | 9841227598 | neera.joshi.pradhan@gmail.com |
| 101 | Nita Rajbanshi | Mechi Campus | 9843772177 | neeta.razbenshi@gmail.com |
| 102 | Nityanand Bhatta | Baijnath Sec. School, Kanchapur | 9858784555 | |

| | | | | |
|---|---|---|---|---|
| 103 | Narayan Prasad Pokharel | DPR, Thapathali | 9857036263 | narayan.botany123@gmail.com |
| 104 | Dr. Puspa Karna Mallik | Tri-Chandra Campus | 9861589709 | karnapushpa@yahoo.com |
| 105 | Dr. Puspa Kumari Singh | Butwal Multiple Campus | 9803760728 | puspabp@gmail.com |
| 106 | Pradeep Karki | Butwal Multiple Campus | 9847251483 | curiouspradeep@gmail.com |
| 107 | Phanindra Prasad Adhikari | Birendra M. Campus, Chitwan | 9845953200 | phanindraadhikari2@gmail.com |
| 108 | Pramod Nag | Nepalgunj M. Campus | 9848024422 | nagpramod10@yahoo.com |
| 109 | Pratikshya Chalise | Amrit Campus | 9861114485 | |
| 110 | Puspa Devi Bhattarai | Lalitpur, College | 9843129640 | puspabhattarai@gmail.com |
| 111 | Pramila Gachhdar | Biratnagar | 9851134774 | pramila_mp1998@hotmail.com |
| 112 | Prof. Dr. Ram K. P. Yadav | CDB, TU, Kirtipur | 9849038579 | rkp.yadav@cdbtu.edu.np |
| 113 | Rupesh Kumar Yadav | Kirtipur | 9849026336 | |
| 114 | Rina Karki | Tri-Chandra Campus | 9841438602 | |
| 115 | Robin Upreti | Mechi Campus | 9842668564 | robinupr@yahoo.com |
| 116 | Ratna Silwal | Patan Multiple Campus | 9841602589 | silwalratna@gmail.com |
| 117 | Dr. Ram Chadra Poudel | NAST | 9841304411 | Ramc-poudel@yahoo.com |
| 118 | Rajendra Acharya | DPR, Thapathali | 9849189968 | Acharya.raj2010@gmail.com |
| 119 | Dr. Rajesh K. Karn | SMB Campus, Rajbiraj | 9803538336 | rajeshkarn3@gmail.com |
| 120 | Rita Chhetri | DPR, Thapathali | 9849085078 | Rittu_chhetri@yahoo.com |
| 121 | Shashi Kafle | Tri-Chandra Campus | 9803263112 | dr.shashi152@gmail.com |
| 122 | Samik Mishra | Madan Puruskar Pustakalaya | 9841361871 | mishrasamik@gmail.com |
| 123 | Santoshi Bhusal | NAST | 9843402066 | santocbhusal@gmail.com |
| 124 | Prof. Dr. Shiva Kumar Rai | PG Campus, Biratnagar, TU | 9842924244 | sk.khaling@gmail.com |
| 125 | Dr. Suresh K. Ghimire | CDB, TU, Kirtipur | 9751001062 | sk.ghimire@cdbtu.edu.np |
| 126 | Dr. Sandesh Bhattarai | NAST | 9841408803 | shandeshbhattarai@gmail.com |
| 127 | Sita Shahi | Kathmandu | 9851159654 | sitashahi@hotmail.com |
| 128 | Sangita Joshi | Siddhanath Campus, Kanchan | 9848850988 | joc_sangita@gmail.com |
| 129 | Sabitri Shrestha | Central Campus of Tech, Dharan | 9842169751 | sabli123123@yahoo.com |
| 130 | Prof. Dr. Suman Subedi (Bhattarai) | Tri-Chandra Campus | 9851063267 | |
| 131 | Sadanand Yadav | Tri-Chandra Campus | 9841485424 | |
| 132 | Sumitra Ranjit | Tri-Chandra Campus | 9841848735 | |
| 133 | Sushila Shrestha | Tri-Chandra Campus | 9840360546 | |
| 134 | Sagar Khadka | Tri-Chandra Campus | 9841146855 | |
| 135 | Sanjya Marasini | Butwal Multiple Campus | 9857025303 | sanjaymarasini33@gmail.com |
| 136 | Shanti Devi Gnawali | Butwal Multiple Campus | 9847071202 | shantipanthi123@gmail.com |
| 137 | Dr. Sanjya Kumar Jha | CDB, TU, Kirtipur | 9843051710 | sk.jha@cdbtu.edu.np |

| | | | | |
|---|---|---|---|---|
| 138 | Sita Karki | Dhapakhel- 24, Lalitpur | 9849225878 | sita.karki12345@yahoo.com |
| 139 | Santosh Thapa | Tri-Chandra Campus | 9849636553 | |
| 140 | Shiva Raj Ghimire | Mid-Western University, Surkhet | 9858050029 | shibarghimire@gmail.com |
| 141 | Dr. Sudha Joshi | Patan Multiple Campus | 9841466330 | sudhashresthajoshi@gmail.com |
| 142 | Suresh Raj Paneru | - | 9848439406 | sureshrajpaneru06@gmail.com |
| 143 | Sanu Raja Maharjan | Tri-Chandra Campus | 9844365916 | botanysanu@hotmail.com |
| 144 | Sumitra Karmacharya | Birendra M. Campus Chitwan | 9845083784 | sumitrashrestta53@gmail.com |
| 145 | Sanju Parajuli | Central Campus of Tech, Dharan | 9842048307 | sanjuparajuli1@yahoo.co |
| 146 | Shristy Poudel | PG Campus, Biratnagar, TU | 9865059477 | sristeypoudel11@gmail.com |
| 147 | Saugat Shrestha | Dhankutta Campus, TU | 9842365841 | yoursaugat@gmail.com |
| 148 | Shanta Budha Magar | CDB, TU,  Kirtipur | 9847914430 | shantabmgr@gmail.com |
| 149 | Shila Singh | Amrit Campus | 9851087934 | singhshila@hotmail.com |
| 150 | Sishir Panthi | DPR, Thapathali | 9849151671 | Panthi.sishir@gmail.com |
| 151 | Sirjana Shah | DPR, Thapathali | 9860063876 | Shah.sirjana@yahoo.com |
| 152 | Subhash Khatri | DPR, Thapathali | 9841411103 | Subhger99@yahoo.com |
| 153 | Sajita Dhakal | DPR, Thapathali | 9845065807 | dhakalsajita@gmaio.com |
| 154 | Sabari Rajbahak | DPR, Thapathali | 9841386118 | sabari_rajbahak@yahoo.com |
| 155 | Sarita Yadav | DPR, Thapathali | 9861098864 | saritasri33@gmail.com |
| 156 | Sangita Swar | DPR, Thapathali | 9841380518 | swar.dof@gmail.com |
| 157 | Saroja Adhikari | DPR, Thapathali | 9841777528 | sarojajee@gmail.com |
| 158 | Dr. Sabina Singh Shrestha | PK Campus, Bagbzar | 9741009580 | sabinasingh32@hotmail.com |
| 159 | Sunita Shrestha Singh | PK Campus, Bagbzar | | |
| 160 | Til Bikram Changbong | Sunbarsi-4, Morang | 9841383193 | tbchongbang@yahoo.com |
| 161 | Tirtha Laxmi Bajracharya | Tri-Chandra Campus | 9843599666 | |
| 162 | Prof. Dr. Tej Narayan Mandal | PG Campus/Biratnaga | 9842126654 | tnmandal@gmail.com |
| 163 | Dr. Tilak Prasad Gautam | MahendraM. Campus, Birat. | 9842020673 | tilakg673@gmail.com |
| 164 | Dr.Umesh Prasad Shrivastava | Thakur Ram M. Campus, Birganj | 9845311392 | upshrivastava@gmail.com |
| 165 | Dr. Umesh Koirala | P.G Campus Biratnagar | 9842029385 | umesh6977@hotmail.com |
| 166 | Vishnu Prasad Gautam | Birendra M. Campus, Chitwan | 9855046755 | vishnuggautam2072@gmail.com |
| 167 | Vesh Raj Pant | TMC, TU, Palpa | 9857063297 | |
| 168 | Yam Bhadur Bam | Kathmandu | 9851064813 | yambam@hotmail.com |

# श्री वनस्पति समाज नेपालको
# विधान

(२०७५)

## प्रस्तावना

देश र नागरिकको व्यापक हितका लागि समतामूलक, समुन्नत र प्रजातान्त्रिक नेपालको निर्माणका निमित्त अग्रसर हुन नेपालका वैज्ञानिकहरूको सिर्जनशीलता, अनुभव र क्षमतालाई संगठित र सुव्यवस्थित तवरले क्रियाशील तुल्याउन आवश्यक भएकोले वनस्पतिविद्हरूको “वनस्पति समाज नेपाल” नामको साझा संस्था गठन गर्ने पवित्र उद्देश्य लिई मौजुदा संविधान, ऐन, कानुन, नीति निर्देशनको परिधिमा रही निस्वार्थ भावनाले स्वयंसेवी व्यक्तिहरू तथा सहयोगी निकायहरूद्वारा संगठित यस समाजको “यो विधान नेपालको संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही तयार गरिएको छ” ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संस्थाको नाम :**

यस संस्थाको नाम “वनस्पति समाज नेपाल” रहनेछ । अंग्रेजीमा Botanical Society of Nepal रहनेछ। छोटकरीमा नेपालीमा “वसने” अंग्रेजीमा BSON रहनेछ।

क) संस्थाको कार्यालय रहने ठेगाना:-
यस संस्थाको कार्यालय काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं.-१० मा रहनेछ। यसका शाखा कार्यालयहरू सम्बन्धित प्रदेश तथा स्थानीय तहमा स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्य भित्र रहनेछन् ।

ख) संस्थाको कार्यक्षेत्र:-
यस वनस्पति समाज नेपालको कार्यक्षेत्र काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं.-१० मा हुनेछ। आवश्यकता अनुशार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्य भित्र कार्य क्षेत्र विस्तार गरिनेछ ।

ग) प्रारम्भ:-
यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्व:-
यो संस्था एक संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनितिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिइ परामर्श सेवा प्रदान गर्ने कार्य गरिने छैन ।

## २. परिभाषा :

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा :-

क) “विधान” भन्नाले “वनस्पति समाज नेपालको विधान-२०७५"लाई सम्झनु पर्दछ ।

ख) “संस्था” भन्नाले वनस्पति समाज नेपाललाई जनाउँदछ ।

ग) “समिति” भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ) “सभा” भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ) “पदाधिकारी” भन्नाले समाजका कार्य समितिका सदस्य तथा पदाधिकारीहरूलाई सम्झनु पर्दछ ।

च) “वनस्पतिविद्” भन्नाले यस विधानको दफा ८ मा उल्लेखित उद्देश्यहरू प्रति निष्ठावान रहेका यस समाजका सदस्यहरूलाई सम्झनु पर्दछ ।

छ) “केन्द्रिय कार्यसमिति” भन्नाले समाजको साधारण सभाबाट निर्वाचित कार्यसमिति सम्झनु पर्नेछ ।

ज) “सदस्य” भन्नाले समाजको विधान बमोजिम सदस्यता प्राप्त वनस्पतिविद्लाई सम्झनु पर्दछ ।

झ) “सल्लाहकार समाज” भन्नाले विधान बमोजिम गठित सल्लाहकार समाजलाई सम्झनु पर्दछ ।

ञ) “नियम, विनियम” भन्नाले यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

ट) “उपसमिति” भन्नाले केन्द्रिय कार्यसमितिले गठन गरेको उपसमितिलाई सम्झनु पर्दछ ।

ठ) “सचिवालय” भन्नाले केन्द्रिय कार्यसमितिद्वारा विधान बमोजिम गठन हुने सचिवालयलाई सम्झनु पर्छ ।

ड) “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ढ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको या तोकिए बमोजिम सम्झनु पर्दछ ।

ण) “स्थानीय तह” भन्नाले गाउँपालिका र महानगर/उपमहानगर र नगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउने छ ।

त) “शाखा कार्यालय” भन्नाले नेपाल राज्यको विभिन्न भागमा खोलिने यस समाजको शाखाहरूलाई जनाउँछ ।

थ) “प्रयोगशाला” भन्नाले वनस्पति सम्बन्धी अध्ययन अनुसन्धानको लागि स्थापना गरिएको संरचनालाई जनाउँछ ।

## ३. संस्थाको छाप तथा चिन्ह :

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ ।

## परिच्छेद २

### ४. संस्थाको उद्देश्य :

प्रचलित ऐन कानुन तथा नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही सम्बन्धित निकायहरूसंग समन्वय राखी कार्यक्रम संचालन गर्ने गरी संस्थाको देहाय बमोजिम उद्देश्यहरू रहनेछ ।

क) यो समाज मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ,

ख) नेपालमा पाइने वानस्पतिक विविधता, यसको प्राकृतिक वातावरण, वनस्पति सम्पदाको संरक्षण, सम्वर्द्धन, सदुपयोग र विकासलाई प्राथमिकता दिई वनस्पति सम्बन्धी ज्ञान, विज्ञान र प्रविधिबारे अध्ययन, अनुसन्धान र शैक्षिक कार्यमा सघाउ पुऱ्याउँदै देश विकासमा योगदान दिने,

ग) वनस्पति विषयको व्यापकतालाई हृदयंगम गरी यसको ज्ञान, विज्ञान र प्रविधिलाई समाजका सबै वर्गमा पुऱ्याउन तालिम तथा जनचेतनामूलक कार्यहरू सञ्चालन गर्ने,

घ) वनस्पति विषयको व्यवसायमा लागेका सबै वर्गका बीचमा आपसी समन्वय, सम्भावना र सहयोगको भावनालाई अभिवृद्धि गर्दै जाने,

ङ) वनस्पति तथा सोसंग संम्बन्धित विषयमा नयाँ खोज र उपलब्धिबारे विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंग सम्पर्क राखी विचार र सूचनाको आदान प्रदान गरी वनस्पतिको क्षेत्रमा हुने अनुसन्धानलाई टेवा दिने तिर प्रयत्नशील रहने,

च) समाज उत्थान तथा शैक्षिक उन्नयनमा सहयोग पुग्ने विषय विज्ञ वा इच्छुक व्यक्तिहरूलाई आमन्त्रण गरी सामाजिक र शैक्षिक क्षेत्रमा अनुभव आदान प्रदान गर्ने,

छ) विधानको मूल भावनालाई आत्मसात् गरी साधारण सभा वा कार्यसमितिबाट निर्णय भएका अन्य कार्यहरू गर्ने,

ज) सभा, गोष्ठी, सम्मेलन आयोजना गर्ने र अध्ययन-अनुसन्धानका निष्कर्षहरूलाई आदान प्रदान एवम् प्रकाशन गर्ने,

झ) समान उद्देश्यका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसंग आपसी सम्बन्ध कायम गरी सहकार्य गर्ने,

### ५. यस संस्थाको उद्देश्य प्राप्त गर्न सकिने कार्यहरू :

यस संस्थाको उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कार्यहरू गर्नेछ :

क) संस्थाले प्रचलित नेपालको कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति लिई आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन, निर्माण गर्न वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, फ्याक्स, फर्निचर जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनीहरूको सेवा शर्तहरू निर्धारण गर्नेछ ।

घ) वनस्पति विषयमा, विशेष गरेर नेपालसँग सम्बन्धित रहने ज्ञान, विज्ञान, अनुसन्धान तथा प्रविधिलाई प्रचार प्रसार तथा सम्बर्द्धन गर्न आवश्यकता अनुसार लेख रचना, समचारपत्र, पत्रपत्रिका, जर्नल, पुस्तक पुस्तिका, पोष्टर, स्मारिका, निशानी सामाग्री, श्रव्यदृष्य सामाग्री आदि प्रकाशन गर्ने ।

ङ) वनस्पति शास्त्र तथा सोसंग सम्बन्धित विभिन्न वैज्ञानिक एवं प्राविधिक विषयहरूमा सभा, सम्मेलन,

गोष्ठी, प्रवचन, प्रदर्शनी, आदिको आयोजना गर्ने तथा सहभागी हुने ।

च) संस्थाको लक्ष्य तथा उद्देश्य अनुरुप यसको हितको लागि प्राप्त हुने भौतिक, आर्थिक एवं बौद्धिक उपलब्धिहरूलाई व्यवस्थित रुपले सदुपयोग गर्ने ।

छ) नेपालका विभिन्न स्थानहरूमा वनस्पतिसँग सम्बन्धित जनचेतना फैलाउन संग्रहालय, प्रयोगशाला, प्रर्दशनीस्थल, संरक्षणस्थल, स्मृति वाटिका, उद्यान, पार्क स्थापना र व्यवस्थापन गर्न पहल गर्नेछ ।

ज) वनस्पति विधामा विशिष्ट र उल्लेखनीय योगदान दिएका स्वदेशी तथा विदेशी बैज्ञानिक तथा नागरिकहरूलाई यस समाजले विशेष सम्मान प्रदान गर्न सक्नेछ ।

झ) वनस्पति र सोसंग सम्बन्धित विषयमा अध्ययन अनुसन्धानको लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।

ञ) वनस्पति स्रोत र सोसंग सम्बन्धित परम्परागत ज्ञान, सीप र प्रविधिको सर्वेक्षण, अभिलेखिकरण गरी सोको जैविक अन्वेषण र प्रचलित कानुन बमोजिम पेटेन्ट लिने र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँडको लागि पहल गर्नेछ ।

त) अन्य आवश्यक एवं समयोचित कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने ।

## परिच्छेद ३
## सदस्यता

### ६. सदस्यताको वर्गीकरण :

१) यस संस्थाको देहाय बमोजिम ४ (चार) प्रकारका सदस्यहरूको वर्गिकरण गरिएको छः

यस समाजको सदस्यता तोकिए बमोजिम केन्द्रिय कार्यसमितिले प्रदान गर्नेछ ।

**क) साधारण सदस्य :–**
यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरू साधारण सदस्य हुनेछन् ।

**ख) संस्थापक सदस्यहरू :–**
यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारी संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरूले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

**ग) आजीवन सदस्य :–**
संस्थाको विकासको लागि विशेष सहयोग तथा योगदान पुर्‍याउने व्यक्तिहरूलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

**घ) मानार्थ सदस्य :–**
यस संस्थाले उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यहरूको यस विधान बमोजिम हुने कुनै निकाय वा तहको निर्वाचनमा मत दिन वा उम्मेदवारी दिन पाउने छैन ।

## ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

क) नेपाली नागरिक भएको ।

ख) २१ वर्ष पूरा गरेको ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचार अभियोगमा सजाय नपाएको ।

च) मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पति शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर वा वनस्पति शास्त्र मुख्य विषय लिई स्नातक तहको योग्यता प्राप्त गरी नेपाल सरकारबाट मान्यता प्राप्त संस्थामा तीन वर्षको अनुभव भएको ।

## ८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :

देहायका अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) २१ वर्ष पुरा नगरेको ।

ख) मगज बिग्रेको वा बौलाएको ।

ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

घ) नैतिक पतन देखिने, फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

च) साहूको दामासाहीमा परेको ।

## ९. सदस्यताको समाप्ति :

१. **देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यतामा बहाल रहने छैन ।**

   क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

   ख) साधारण सभाको ७५% को सदस्यको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

   ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

   घ) संस्थाको काम कारवाहीमा बेईमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

   ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

   च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

   छ) संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि समाजले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइनेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

यस विधानको दफा ६ बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. **साधारण सदस्य :–**

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु. १००/- (अक्षरेपी एक सय मात्र) र वार्षिक शुल्क वापत रु. ५००/- (अक्षरेपी पाँच सय मात्र) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु. ५००/- (अक्षरेपी पाँच सय मात्र) बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

२. **संस्थापक सदस्य :–**

क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरूले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्नेछन् ।

३. **आजीवन सदस्य :–**

यस संस्थामा एकमुष्ट शुल्क रु. ५,१००/- (अक्षरेपी पाँच हजार एक सय मात्र) बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरूलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४. **मानार्थ सदस्य :–**

साधारण सभाको निर्णयले उपयुक्त ठानेको वनस्पति विधामा उल्लेखनीय योगदान गर्ने समाजसेवी विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरूलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

६. सबै सदस्यहरूले यस विधान र विधान अर्न्तगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

# परिच्छेद ४
## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. साधारण सभाको गठन :

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरू संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरू आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।
   क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।
   ख) विशेष साधारण सभा : संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तिमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ (छ) महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरू पनि आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिनेछ ।

४. यस समाजको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ (पन्ध्र) दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

### १२. साधारण सभाको काम कर्तव्य र अधिकारः

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्य समितिले पेश गरेको योजना, कार्यक्रमहरू र वार्षिक बजेट पारित गर्ने ।
ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरू असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।
ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।
घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।
ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समितिका

पदाधिकारीहरूको विधान बमोजिमको प्रक्रिया अर्न्तगत रही निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम कारवाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

## १३. कार्य समितिको गठन

१. साधारण सभाका सदस्यहरूबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरू रहने ११ सदस्यको एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| सह सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरू | ६ |

२. कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ,

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्य समितिका सदस्यहरूको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ तर अन्य पदहरूका लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन-प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्य समितिको पदाधिकारीहरूको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिकारीहरूको कूल संख्याको ५१% पदाधिकारीहरू उपस्थित नभै कार्य समितिको बैठक बस्नेछैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरूले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको छुट्टै निर्णय पुस्तिकामा लेखि राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नुपर्नेछ, तर निर्णयमा असहमति जनाउनेहरूले कैफियत खोली सही गर्नुपर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरू जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कार्यका सम्बन्धमा कार्य समितिका सबै पदाधिकारिहरू लिखितरुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

## १४. कार्य समितिको काम कर्तव्य र अधिकारः

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको वार्षिक, कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. संस्थाको हितमा हुने कार्यक्रमहरू संचालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तिको लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत साधन जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

८. संस्थाको कर्मचारीहरूको सेवा शर्त र सुविधा, आदि सम्बन्धित कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरिदिने ।

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## १५. पद त्याग गर्न सक्नेः

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष लिखित राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## १६. अन्य समितिहरूः

१. यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरू गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिहरूको कार्यहरू कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद ५
## पदाधिकारीहरूको काम कर्तव्य र अधिकार

### १७. पदाधिकारीहरूको काम कर्तव्य र अधिकारः

कार्य समितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१. अध्यक्षको काम कर्तव्य र अधिकारः**

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।
ख) निर्णायक मत दिने ।
ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
घ) संस्थाको नेतृत्व लिने ।
ङ) आवश्यकता अनुसार बैठकहरू बोलाउन सचिवलाई निर्देशन दिने ।
च) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने ।
छ) अभिलेख प्रमाणित गर्ने ।

**२. उपाध्यक्षको काम कर्तव्य अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने ।
ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

**३. सचिवको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको सचिवालयको रेखदेख र दैनिक कार्य संचालन गर्ने ।
ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।
ग) अभिलेख सुरक्षित राख्ने ।
घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।
ङ) संस्थाको प्रतिवेदन तयार पार्ने र बैठक सभाहरूमा पेश गर्ने ।

**४. सहसचिवको काम, कर्तव्य र अधिकार :**

क) सचिवलाई सहयोग गर्ने ।
ख) सचिवले दिएको जिम्मेवारी पूरा गर्ने ।
ग) सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

**५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।
ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
ग) लेखा दुरुस्त राख्ने ।
घ) नियमितरुपमा वार्षिक लेखा परीक्षण गराउने ।
ङ) वार्षिक आय व्यय विवरण लेखा परीक्षण गराई आगामी वर्षको लागि बजेट तयार गरी साधारण सभामा पेश गर्ने ।

### ६. सदस्यहरूको काम, कर्तव्य र अधिकार :

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) कार्य समितिले दिएका जिम्मेवारीहरू पूरा गर्ने ।

### १८. गणपूरक संख्याः

१. कूल सदस्य संख्याको ६७% (सड्सठ्ठी) प्रतिशत साधारण सदस्यहरूको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१% (एकाउन्न) प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

### १९. संस्थाको कोषः

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू जम्मा हुनेछन्:

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम ।

ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार, समाज कल्याण परिषद्बाट स्वीकृत लिइनेछ ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

४. अचल सम्पत्ति बिक्री गर्दा स्थानीय अधीकारीको पूर्व स्वीकृति लिइनेछ ।

### २०. खाता संचालनः

संस्थाको बैंक खाता अध्यक्ष र कोपाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

### २१. कोषको रकम खर्च गर्ने तरिका :

संस्थाको कोष जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

## २२. संस्थाको लेखा र लेखा परीक्षणः

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफैं वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जिल्ला समन्वय समिति, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

# परिच्छेद ७

# निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

## २३. निर्वाचन सम्बन्धी व्यवस्थाः

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भएको भोलि पल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

## २४. उम्मेदवार हुने योगयता :

कार्य समितिको उम्मेदवार हुन "वनस्पति समाज नेपाल" को साधारण वा आजीवन सदस्य हुनुपर्नेछ ।

## २५. अविश्वासको प्रस्ताव :

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीहरूको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नुपर्नेछ ।

- क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्नेछ ।
- ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।
- ग) साधारण सभा सदस्यहरू मध्येबाट कम्तिमा १/४ (एक चौथाई) सदस्यहरूको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्दछ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको

सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा समक्ष प्रस्तुत गर्नेछ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उपदफा ३ (क) बमोजिक अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव, जुन पदाधिकारीहरू विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि भनाईहरू राख्न अनुमति दिइनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर वा

ख) साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पदमुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ (छ) महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## २६. विधान संशोधनः

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरूले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारीस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र समाजको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

## २७. नियम बनाउन सक्नेः

१. संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सोको जानकारी दिनुपर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही समाजको कार्य संचालन र उद्देश्य

कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनिमय बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. कर्मचारीको व्यवस्थाः**

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्था संचालन गर्न विदेशी सल्लाहकार वा स्वंय सेवक राख्ने अवस्था भएमा निजले समाज कल्याण परिषद्को स्वीकृति लिई काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला समन्वय समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइनेछ ।

**२९. संस्था खारेजी :**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणवस समाज विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफरक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**३०. व्याख्याः**

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३१. गोप्यता भंग गर्न नहुनेः**

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्द प्रयोग गर्न पाइने छैन ।

**३२. ऐन अनुसार हुनेः**

यस विधानमा उल्लेख नभएका कुराहरू कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

**३३. निर्देशनको पालनाः**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

## ३४. तदर्थ समितिः

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निवार्चन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्य समितिले निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधीकारीलाई दिइनेछ ।

## ३५. हामी वनस्पति समाज नेपालका निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीहरूको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर, वतन र सहिछाप |
|---|---|
| १. नाम, थरः प्रा. डा. मोहन सिवाकोटी<br>स्थायी ठेगाना :अर्जुनधारा न. पा.-६<br>प्रदेश : १<br>जिल्ला : झापा<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: ६ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर | १. नाम, थरः प्रा. डा. मोहन प्रसाद पन्थी<br>ठेगानाः पाणीनी गाउँपालिका-७<br>प्रदेशः ५<br>जिल्लाः अर्घाखाँची<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: ७ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर |
| २. नाम, थरः सन्जीव कुमार राई<br>ठेगानाः भरौल-३<br>प्रदेशः १<br>जिल्लाः सुनसरी<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: ३ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पति विभाग, थापाथली | २. नाम, थरः प्रा. डा. संगिता राजभण्डारी<br>ठेगानाः काठमाडौं-२२<br>प्रदेशः ३<br>जिल्लाः काठमाडौं<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: २२ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर |
| ३. नाम, थरः डा. हरि प्रसाद अर्याल<br>ठेगानाः रंगेलि न.पा.-७<br>प्रदेशः १<br>जिल्लाः मोरङ्ग<br>वडा नं.: ७ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर | ३. नाम, थरः प्रा. डा. राम कैलाश प्रसाद यादव<br>ठेगानाः प्रदेशः २<br>जिल्लाः पर्सा, विरगञ्ज<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: ३१ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर |

| | |
|---|---|
| ४. नाम, थरः डा. भुवन केशर शर्मा<br>ठेगानाः चन्द्रागिरी न.पा.-२<br>प्रदेशः ३<br>जिल्लाः काठमाडौ<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: २ ब्लक नं.: मार्गः<br>हालको ठेगाना :ऐ. | ४. नाम, थरः प्रा. डा. विजया पन्त<br>ठेगानाः ललितपुर-१३<br>प्रदेशः ३<br>जिल्लाः ललितपुर<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: १३ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर |
| ५. नाम, थरः डा. नारायण घिमिरे<br>ठेगानाः मदनपोखरा, तानसेन न.पा.-७<br>प्रदेशः ५<br>जिल्लाः पाल्पा<br>वडा नं.: ९ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर | ५. नाम, थरः प्रा. डा. हरि दत्त भट्टराई<br>ठेगानाः काली गण्डकी गाउँपालिका-४<br>प्रदेशः ४<br>जिल्लाः स्याङ्जा<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: ४ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर |
| ६. नाम, थरः डा. अन्जना गिरी<br>ठेगानाः काठमाडौं म.पा.-१<br>प्रदेशः ३<br>जिल्लाः काठमाडौं<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: ब्लक नं.: ३२१ मार्गः देविमार्ग<br>हालको ठेगाना :नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, खुमलटार, ललितपुर | ६. नाम, थरः डा. सञ्जय कुमार झा<br>ठेगानाः मनरा शिशुवा-६<br>प्रदेशः २<br>जिल्लाः महोत्तरी<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: ६ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर |
| ७. नाम, थरः दिपक लामिछाने<br>ठेगानाः फेदिखोला गाउँपालिका-३<br>प्रदेशः ४<br>जिल्लाः स्याङ्जा<br>महानगरपालिका/नगरपालिका/ गाउँपालिकाः<br>वडा नं.: ३ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : राष्ट्रिय वनस्पति उद्यान, गोदावरी, ललितपुर | ७. नाम, थरः डा. चन्द्र प्रसाद पोखरेल<br>ठेगानाः धुर्कोट गाउँपालिका-१<br>प्रदेशः ५<br>जिल्लाः गुल्मी<br>महानगरपालिका/नगरपालिका/गाउँपालिकाः<br>वडा नं.: १ ब्लक नं.: मार्गः<br>हालको ठेगाना : वनस्पतिशास्त्र केन्द्रिय विभाग, त्रि.वि., कीर्तिपुर |

## अनुसूचि - १

हरियो आयताकार पृष्ठभूमिमा “वनस्पति समाज नेपाल” देवनागरी र “BOTANICAL SOCIETY OF NEPAL” रोमन लिपीमा सेतो अक्षरमा लेखिएको हुने र यसैको माथि अर्धचन्द्राकार वृत्त भित्र दुई हत्केलाको बिचमा सतुवाको विरुवा अंकित चिन्ह संस्थाको छाप रहनेछ ।

## तदर्थ समितिः

| | | |
|---|---|---|
| प्रा. डा. मोहन सिवाकोटी | : | अध्यक्ष |
| श्री सन्जीव कुमार राई | : | उपाध्यक्ष |
| डा. हरि प्रसाद अर्याल | : | सचिव |
| डा. नारायण प्रसाद घिमिरे | : | कोषाध्यक्ष |
| डा. भुवन केशर शर्मा | : | सदस्य |
| डा. अन्जना गिरी | : | सदस्य |
| श्री दिपक लामिछाने | : | सदस्य |



## सम्पादक मण्डल

**सल्लाहकार**

प्रा. डा. मोहन सिवाकोटी
श्री सन्जीव कुमार राई

**सम्पादन**

डा. हरि प्रसाद अर्याल
डा. नारायण प्रसाद घिमिरे
डा. भुवन केशर शर्मा
डा. अन्जना गिरी
श्री दिपक लामिछाने


## सम्पर्क


**वनस्पति समाज नेपाल**

कीर्तिपुर-१०, काठमाडौं

C/o त्रिभुवन विश्वविद्यालय, वनस्पतिशास्त्र केन्द्रिय विभाग


Bank Details:

**Global IME Bank, Kirtipur**

Account Name : Botanical Society of Nepal
Account Number : 0501010000488

नोट:

वनस्पति समाज नेपाल
BOTANICAL SOCIETY OF NEPAL